
स्वागत एवं
नमस्कार



# प्रशासनिक समिक्षा: आ.व. २०७५/७६

**प्रस्तुतीका विषयवस्तुहरु**

-पृष्ठभूमी (भौगोलिक, जनसाङ्ख्यिक विवरण)

-विद्यमान अवस्था (हालसम्मका उपलब्धीहरु)

-कर्मचारी दरवन्दी र पदपुर्ति विवरण

-समस्या र चुनौतीहरु


प्रस्तुतकर्ता : सागर गौतम

शाखा अधिकृत

# पृष्ठभूमि (नगर परिचय)

- नेपाल सरकारको मिति २०७१ वैशाख २५ गतेको घोषणा बमोजिम स्थानीय निकायको रुपमा स्थापना भएको हो ।
- (साविकको शंकरनगर, आनन्दवन, करहिया, मक्रहर, टिकुलीगढ, मधवलिया र गंगोलिया ७ गा.वि.स.)

# नगर परिचय

- संवैधानिक व्यववस्था अनुसार अधिकार सम्पन्न स्थानीय तहको रुपमा रुपान्तरित भएपश्चात साविकका २४ वटा वडाहरु हाल १७ वटा वडाहरुमा सिमित रहेका छन ।
- रुपन्देही जिल्लाका १६ वटा स्थानीय तहहरु मध्ये तिलोत्तमा नगरपालिका एउटा अव्वल स्थानीय तहको रुपमा परिचित छ ।

## भौगोलिक अवस्थिति :

- क्षेत्रफल : १२६.२ वर्ग कि. मी.
- वडा संख्या : १७
- उचाई : समुन्द्री सतह देखि ११५ मि देखि १७५ मि
- हावापानी :उष्ण प्रदेशीय
- तापक्रम : अधिकतम ४२.४ न्यनतम ८.७५ डिग्री सेल्सियस
- मुख्य जातजातिः ब्रह्मण, क्षेत्री, मगर, थारु लगायत ५८ जातजाति

## जन साङ्ख्यिक विवरण : (घरधुरी सर्वेक्षण २०७५अनुसार)

- जम्मा जनसंख्या : १२३८३६
- पुरुष : ६३३१६
- महिला : ६०५०८
- जनसंख्या बृद्धिदर २.२६ (जनगणना २०६८ अनुसार)
- जनघनत्व : ९७८.२३
- साक्षरता दर : ८१ प्रतिशत (जनगणना २०६८ अनुसार)
- कृषि क्षेत्र : ७२.०१ प्रतिशत

# विद्यमान अवस्था(हालसम्मका उपलब्धीहरु)

- स्थानीय सरकारको गठन पश्चात आफ्नो क्षेत्राधिकार भित्र रही आवश्यकता अनुसार ऐन, कानून, कार्यविधि निर्माण तथा नीतिगत निर्णयहरु मार्फत स्थानीय विकास निर्माण कार्यहरु प्राथमिकताका साथ अगाडी वढेका
- १७ वटै वडा कार्यालयहरु स्थापना गरि सम्वन्धित वडा कार्यालयवाटै सेवा सञ्चालन
- वडा कार्यालमा घुम्ति शिविर सञ्चालन गरि घर नक्सा पास, व्यवसाय दर्ता, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण प्रकियालाई सहज तुल्याईएको ।
- नगरपालिका भित्रका हरेक गतिविधीहरुलाई कार्यालयको मासिक मुखपत्रद्धारा सार्वजनिकरण गर्ने गरिएको ।

# Cont…

- स्थानीय सरकारवाट निर्मित ऐन, कानून, नीति, निर्देशिका लगायत नगर कार्यपालिका र नगरसभाका निर्णयहरु समेत कार्यालयको वेव साईट मार्फत सार्वजनिक गर्ने गरिएको ।
- साविकको गा.वि.स कार्यालयहरुको नाममा रहेका चल अचल जिन्सी सम्पत्तिहरु नगरपालिकाको मूल जिन्सी खातामा आम्दानी वाधी अभिलेख व्यवस्थित गरिएको
- कानूनी व्यवस्था अनुसार जिन्सी निरीक्षण सम्पन्न भई प्रतिवेदन प्राप्त भईसकेको र जिन्सी निरीक्षणको प्रतिवेदनवाट मर्मत हुन नसक्ने भनि किटान भएका सामानहरु लिलामी गर्नको लागि प्रकिया सुरु भएको छ ।

# Cont.....

- सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्प्रधी र सरलिकृत गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्मअनुरुप संघीय सरकारले उपलब्ध गराएको नमुना कानूनको मार्गदर्शन अनुसार तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावलीको मस्यौदाको तयारी भईरहेको छ ।
- स्थानीयवासीहरुलाई सेवाको वारेमा रहेका गुनासाहरुको वारेमा उजुरी गर्नको लागि प्रत्येक वडा कार्यालय र नगरपालिकाको कार्यालयमा उजुरी पेटिकाको व्यवस्था गरिएको छ ।

# Cont….

- सवै सामुदायिक विद्यालय र नगरपालिकाको प्रशासनिक भवनमा विद्युतीय हाजिरी मेसिन जडान गरिएको छ ।
- सूचनाको हक र पारदर्शिताको प्रवर्धनको लागी खुला सरकारको अवधारणा अनुरुप सार्वजनिक रुपमा आवधिक समिक्षा, सार्वजनिक सुनुवाई र जनतासँग मेयर जस्ता कार्यक्रमहरु सञ्चालन गरि आम स्थानीयवासीहरुलाई जानकारी गराइएको छ ।

# स्वीकृत दरवन्दी र कर्मचारी विवरण

## वडा कार्यालयतर्फ

- वडा सचिवको रुपमा रा.प.अनं प्रथम वा अधिकृत छैठौ वा सहायक पाँचौ-१
- रा.प.अनं द्धितीय वा सहायक पाँचौ/चौथो-१
- सव ईन्जिनियर वा अ.स.इ-१

## नगरपालिकातर्फ

प्रमुख प्रशासकीय अधिकृत- उपसचिव (रा.प. द्धितीय, प्रशासन)

उपसचिव स्तरका शिक्षा र ईन्जिनियरतर्फ(अधिकृत नवौ, दशौ)- २

अधिकृत सातौ/आठौ- ४ (प्रशासन, लेखा, शिक्षा, स्वास्थ्य)

अधिकृत छैठौ तह - ४

ईन्जिनियर छैठौ तह - २

चौथो, पाचौ तह- १८

जम्मा दरवन्दी :वडातर्फ- ३४, नगरपालिका: ३१ जम्मा: ६५(श्रेणीविहिन वाहेक)

# पदपुर्तिको अवस्था (आजको मितिसम्म)

- स्थायी कर्मचारी- ६५ जना
- अस्थायी, करार - ४१ जना
- जम्मा कर्मचारी - १०६ (३५ श्रेणीविहिन सहित)
- श्रेणीविहीन वाहेक जम्मा कर्मचारी - ७१ जना
- अन्यत्र समायोजन भई रमाना लिन वाँकी कर्मचारी संख्या - २६
- उपरोक्त वाहेक केही कर्मचारीहरु निश्चित जिम्मेवारी पूरा गर्नको लागि छोटो समयको लागि दैनिक ज्यालादारीमा रहेका
- कर्मचारी समायोजनको क्रमले गर्दा स्वीकृत दरवन्दी भन्दा हाल पदपुर्ति संख्या वढी देखिन्छ

# समस्या र चुनौतीहरु

- कार्यालयको संगठनात्मक संरचना यकिन नहुनाले सोही अनुसार स्थायी प्रकृतिको शाखागत जिम्मेवारी र कार्यविवरण उपलब्ध हुन नसक्नु
- मन्त्रालयवाट पटक पटक दरवन्दी तेरिज परिवर्तन हुँदा नगरपालिकाको वास्तविक दरवन्दी नै यकिन हुन नसक्नु
- समायोजनको कारणले गर्दा उत्पन्न भएको अस्थिरता र समस्या
- कानूनी र नीतिगत जटिलताहरु (संघीय ऐन, नियम र परिपत्रहरु)
- सेवा करारका कर्मचारीहरुको व्यवस्थापन
- दरवन्दी कटौतीको कारणले सिर्जना भएको व्यवस्थापकीय समस्या
- कर्मचारीको क्षमता र विज्ञता पहिचान गरि सोही अनुसार कार्यवातावरण र जिम्मेवारी

# अबको बाटो

- तत्काल ओ एण्ड एम सर्भे गरि कार्यालयको आवश्यकता अनुसार दरवन्दी विवरण पुनरावलोकन गर्दै स्थायी प्रकृतिको संगठन संरचना सभावाट स्वीकृत गराउने र भर्णा प्रकिया अगाडी वढाउने ।
- मौजुदा जनशक्तिलाई तालिम, उत्प्रेरणा र विशेष सेवा सुविधा उपलब्ध गराई कार्यालयको आवश्यकता अनुसार अतिरिक्त समयमा समेत परिचालन गर्ने ।
- कार्यसम्पादनमा आधारित वृत्तीविकास र प्रोत्साहन प्रणालीको अवलम्वन गर्ने ।

धन्यवाद !